# गण्डकी बोर्डिङ स्कुल,

## पोखराको प्रिन्सिपल पदका लागि खुला दरखास्त आव्हान

प्रथम पटक प्रकाशित मिति : २०८१/०२/२०, आइतबार

सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित श्री गण्डकी आवासीय माध्यमिक विद्यालय तथा गण्डकी कलेज अफ इन्जिनियरिङ एन्ड साइन्स (सङ्क्षिप्तमा गण्डकी बोर्डिङ स्कुल ) मा हाल रिक्त रहेको प्रिन्सिपल पद खुला प्रतिस्पर्धाका आधारमा पूर्ति गर्नका लागि देहायको योग्यता भएका नेपाली नागरिकबाट यो दरखास्त आव्हान गरिएको छ ।

१. पद विवरण :

पद : प्रिन्सिपल, तह : ११, पद सङ्ख्या : १

२. उमेदवारको योग्यता :

(क) न्यूनतम शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको,
(ख) विद्यालय, महाविद्यालय वा समानस्तरका शिक्षण संस्थामा कम्तीमा पन्ध्र वर्ष शैक्षिक र प्रशासकीय अनुभव भएको,
(ग) अङ्ग्रेजी र नेपालीमा भाषा लिखित र मौखिक सञ्चार गर्न सक्ने तथा सूचना प्रविधि-प्रयोग गर्ने सिप भएको,
(घ) विभागीय सजाय नपाएको,
(ङ) दरखास्त दिंदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,
(च) विद्यालयसँग कुनै किसिमको स्वार्थ नबाझिएको,
(छ) दरखास्त दिने अन्तिम मितिसम्म ५५ वर्ष उमेर ननाघेको ।

३. दरखास्तका साथ पेस गर्नुपर्ने कागजात :

(क) आवेदन,
(ख) अनुसन्धानात्मक कृति तथा सान्दर्भिक लेखरचना प्रकाशन गरेको भए सोसम्बन्धी स्वयम् प्रमाणित प्रतिलिपि,
(ग) स्वयम् प्रमाणित व्यक्तिगत विवरण (CV),
(घ) स्नातक र सोभन्दा माथिल्लो शैक्षिक योग्यताका प्रमाणपत्रको स्वयम् प्रमाणित प्रतिलिपि (विदेशी बोर्डको भए समकक्षताको प्रमाणपत्र),
(ङ) नागरिकताको प्रमाणपत्रको स्वयम् प्रमाणित प्रतिलिपि,
(च) गण्डकी आवासीय माध्यमिक विद्यालयमा कार्यरत शिक्षकहरू उमेदवार भएको हकमा नियुक्ति पत्र र प्रिन्सिपलबाट सेवा प्रमाणित पत्रको प्रतिलिपि,
(छ) अन्य विद्यालय वा शैक्षिक संस्थामा कार्यरत उमेदवारहरूको हकमा नियुक्ति पत्र र सम्बन्धी विद्यालय वा शैक्षिक संस्थाका प्रमुखबाट सेवा प्रमाणित पत्रको प्रतिलिपि,
(ज) विद्यालयको नेतृत्व सम्बन्धी अवधारणा पत्र (Concept Paper) पच्चीस सय शब्दमा नघटाई दुई प्रति र पाँच वर्षको व्यावसायिक कार्ययोजना (Professional workplan) दुई प्रति छुट्टाछुट्टै सिलबन्दी खाम,
(झ) अवधारणा पत्र (Concept Paper) र व्यावसायिक कार्ययोजना (Professional workplan) को पहिलो पेज विद्यालयको Website: gbs.edu.np मा राखिएको ढाँचामा हुनुपर्ने र त्यस पेजको पछाडिको पृष्ठमा केही पनि नलेख्ने,
(ञ) प्रिन्सिपल पदमा छनोट भएमा उक्त पदको पदावधि रहुन्जेल स्कुलमा पूरा समय कार्यरत रहने प्रतिबद्धता पत्र,
(ट) विज्ञापनको बुँदा नम्बर २ मा उमेदवारको योग्यताको खण्ड (घ), (ङ) र (च) बमोजिमको स्वघोषणा पत्र,
(ठ) दरखास्त दस्तुर बापत रु.५,०००.०० (पाँच हजार मात्र) माछापुच्छ्रे बैंक, नयाँ बजार गण्डकी बोर्डिङ स्कुलको नाममा रहेको खाता नम्बर ००१००००२८३५०००११ मा दाखिला गरेको भौचर ।

४. प्रिन्सिपलको कार्यकाल, सेवा सर्त र सुविधा :

(क) प्रिन्सिपलको तलब विद्यालय/महाविद्यालयको कार्य सञ्चालन विनियम, २०६४ एवम् व्यवस्थापन समितिले तोकेबमोजिम हुने,

(ख) प्रिन्सिपलको कार्यकाल ५ वर्षको हुने र कार्य सम्पादन मूल्याङ्कनका आधारमा एक कार्यकाल थप हुन सक्ने,

५. कार्य विवरण, छनोट विधि र कार्यविधि :

(क) प्रिन्सिपलको कार्यविवरण गण्डकी बोर्डिङ स्कुलको कार्य सञ्चालन विनियम (संशोधन सहित) मा व्यवस्था भए बमोजिम र प्रिन्सिपल छनोट प्रक्रिया प्रिन्सिपल छनोट सम्बन्धी कार्यविधि २०८० (संशोधन सहित) मा व्यवस्था भए बमोजिम हुने ।

ख) यो सूचना तथा कार्यविधि गण्डकी बोर्डिङ स्कुलको वेवसाइट gbs.edu.np र शिक्षा विकास तथा समन्वय इकाई कास्कीको वेवसाइट kaski.edcu.gov.np मा पनि हेर्न सकिने ।

६. नियुक्तिको शर्त : प्रिन्सिपल पदका लागि छनोट भएका उमेदवारले नियुक्तिका लागि आफू कुनै पनि सरकारी वा गैरसरकारी क्षेत्रको लाभको पदमा बहाल नरहेको प्रमाण पेस गरेमा मात्र योग्य मानिने ।

७. दरखास्त पेस गर्ने अन्तिम मिति : राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक सुचना प्रकाशित भएको मितिले २१ औं दिनको अपरान्ह ४:०० बजेभित्र पेश गरिसक्नु पर्ने । अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट सोही समयभित्र पेश गरिसक्नु पर्ने ।

८. दरखास्त रद्द हुन सक्ने : गलत वा झुटा कागज पत्र पेस गरेको पाइएमा उपसमितिले कुनै पनि चरणमा उमेदवारको दरखास्त रद्द गर्न सक्ने ।

९. दरखास्त पेस गर्ने प्रक्रिया : गण्डकी बोर्डिङ स्कुलको प्रिन्सिपल पदको लागि आवेदन दिन इच्छुक उमेदवारले आवश्यक कागजजातसहित प्रिन्सिपल छनोट उपसमितिको सचिवालय शिक्षा, विकास तथा समन्वय इकाइ पोखरा-१, बगर, कास्की (५७०१४७, ५७१०९७) मा बुझाउनु पर्ने छ ।

११. थप जानकारीका लागि विद्यालयको फोन ०६१-४४४७१९, ४४४४१४ नम्बरमा सम्पर्क गर्नुहुन ।

**छनोट उपसमिति**

**गण्डकी बोर्डिङ स्कुल**

(राष्ट्रिय विद्यालय)

लामाचौर, पोखरा, Email: info@gbs.edu.np